# संविधानसभाप्रति दलहरूको सकारात्मक मानसिकताको आवश्यकता

- **युवराज संग्रौला**

विधानसभाको बहसमा राष्ट्र उत्रिसकेको पाइएको छ। पहाड, तराई, शहर, गाउँ सबैतिर नागरिकहरू संविधानसभाको बारेमा छलफल गर्न, आफ्ना जानकारीहरू अरुलाई दिन र अरुबाट थप जानकारी लिन उत्साही देखिएका छन्। चितवनमा डा. बालकृष्ण थापा र उहाँका मित्रहरूले संविधानसभाले निर्णय गर्ने संविधानको एउटा ढाँचा नै निर्माण गर्नुभएको रहेछ। विगत १५ दिनभित्र मैले संविधानसभाको ढाँचा, प्रक्रिया र विषयहरू एवं संविधानवादका विषयमा करिब एक दर्जन प्रस्तुतिहरू गरें। ती प्रस्तुतीकरणमा सहभागीहरूका रूपमा राजनीतिक नेता कार्यकर्ताहरू, बुद्धिजीवीहरू, विद्यार्थीहरू, सामाजिक कार्यकर्ताहरू एवं नागरिक समाजका सदस्यहरू हुनुहुन्थ्यो।

विगत १ महिनामा मैले धेरैवटा लेखहरू कान्तिपुरमार्फत् छलफलका लागि प्रस्तुत गरें। करिब ५० जना राजनीतिशास्त्री, कानुनशास्त्री, एवं टिप्पणीकर्ताहरूले विभिन्न पत्रपत्रिकामार्फत् संविधानसभाका विषयमा विचारहरूको प्रक्षेपण गर्नुभयो। यसबारेमा मैले सर्सर्ति अनुसन्धान गरें। टेलिफोन एवं प्रत्यक्ष भेटघाटको अवसरमा। मेरो प्रश्न थियो के कुनै राजनीतिक दलले तपाईंसँग संविधानसभाको वारेमा छलफल गऱ्यो ? उत्तरहरू यस्ता थिए: (१) कतैकतैबाट टेलिफोनद्वारा तपाईंसँग भएका दस्तावेजहरू वा सामाग्रीहरू दिनुहोस् भनि अनुरोध गर्नुभयो तर त्यस्ता दस्तावेज वा सामाग्रीहरू संकलन गर्न उहाँहरूको पहल भएन। (२) व्यक्तिगत रूपमा नेताहरूसँग छलफल भयो तर दलले भने त्यस्ता सल्लाह संगठित रूपमा मागेनन्। तर केही राजनीतिक दलहरूसँग घनिष्टता भएका विद्वानहरूले भने दलले पनि विचार मागेको बताउनुभयो। (३) कुनै पनि राजनीतिक दलले खुल्ला अन्तरक्रियाको कार्यक्रम गरी छलफलमा त्यस दलको मान्यता भन्दा फरक मत राख्ने विद्वान्हरूलाई आमन्त्रण गरेको पाइएन।

के वास्तवमा सही अर्थमा संविधानसभाको वारेमा सार्थक बहस सुरु भएको छ ? वा के यस्तो बहस आवश्यक छ भन्ने कुरा महसुस गरिएको छ ? विगत डेढ महिनाको स्थिति र जनमानसिकताको अवलोकन गर्ने हो भने, संविधानसभालाई सबै रोग वा समस्याको दवाई मानिएको छ। अस्थाई शिक्षकले यसलाई स्थाईको उपाय देखेका छन्। विद्यार्थीले यसलाई पुस्तकालयको व्यवस्था गर्ने उपाय देखेका छन्। कतिपय परिवारका सदस्यहरू वेपत्ता पारिएका पीडित परिवारहरूले आफ्ना छोराछोरी, बुवाआमा फेला पार्ने उपाय देखेका छन्। महिलाहरूले, जनजाति र दलितले संविधानसभालाई आफूले चाहेजस्तै समावेशीकरणका रूपमा संविधानसभालाई आफ्ना आफ्ना समस्याको निकास हो भन्ने बुझेका छन्। गाउँमा गरिब किसान भन्छन् - हाम्रा खेतमा सिंचाईको कुलो छैन, संविधानसभाले तुरुन्तै कुलो बनाइदिनुपर्छ।

कमैयाहरूले जग्गा पाएका छैनन्, उनीहरू भन्छन् - संविधानसभाले तत्कालै खेत दिनुपर्छ। काठमाडौंमा सडक पेटीमा नगरपालिकाका पुलिसले सामान लुट्छन्, जनता भन्दछन् संविधानसभाले त्यस्ता पुलिसमाथि कारबाही गर्नुपर्दछ भन्छन्। पहाडका धेरै जिल्लामा सिँचाई, खानेपानी र बिजुली छैन, जनता चाहान्छन् संविधानसभाले तुरुन्तै खानेपानीको व्यवस्था मिलाउनुपर्दछ। पहाडी जिल्लामा डाक्टरहरू छैनन् त्यहाँका जनता संविधानसभाले तत्काल डाक्टर उपलब्ध गराउनुपर्दछ भन्छन्। यो अनभिज्ञता स्वाभाविक हो। तर, यसमा रहेको राजनीतिक दलहरूको अकर्मण्यता डरलाग्दो संकेत हो।

आम नागरिकहरूमा यस्ता महत्वकांक्षा जाग्नु स्वभाविकै हो, किनभने उनीहरूले आन्दोलनमा सहभागी हुँदा र यातनाको पहाडसँग संघर्ष गर्दा राजनीतिक दलका नेताहरूलाई मन्त्री भएर सिपाइका सुरक्षामा चिल्ला गाडीमा हिंडेको देख्न मात्र चाहेका थिएनन्। उनीहरूका दिनदिनैका सामाजिक र आर्थिक समस्याहरूको समाधान हुने निकासको व्यवस्था होला भन्ने पनि आशा गरेका थिए। त्यस्तो आशा गर्नु नाजायज पनि थिएन, किनकि आम जनता सामाजिक एवं आर्थिक उन्नतिको माध्यमद्वारा वर्तमान जीवनपद्धतिलाई उन्नत

जीवन प्रणालीमा रूपान्तरण गर्न चाहन्छन् । राजनीतिक दलहरूले जनतालाई बताउनुपर्ने थियो संविधानसभा भनेको के हो र यसले जनतालाई कसरी सर्वोच्च र शक्तिशाली बनाउँछ । तर त्यस्तो भएन ।

दलहरूमा राजनीतिक सत्ता र प्रभाव अनि जुनसुकै प्रक्रियाबाट शक्तिप्राप्त गर्ने विगतको ठालुपनको संस्कृति यथावत् नै रह्यो । आर्थिक विचलनले जर्जर भएको नेपालमा उनीहरूले ३२ लाखका पाजेरो र त्यस्तै महंगा कारहरूको अनियन्त्रित प्रयोगलाई छाडेनन् । एक मन्त्रीका लागि दर्जनौ सुरक्षाकर्मी, दर्जनौ पिएका व्यवस्था गर्नुपर्ने व्यवस्था पनि हटेनन् । आफ्ना दलका सदश्यहरू बाहेक अरु नेपाली नागरिक होइन भन्ने संस्कृति पनि हटेन । संसारका कुनै ठाउँमा नभएको राइफल बोकेका सेना सुरक्षाको लागि प्रयोग गर्ने चलन पनि हटेन । मन्त्रीहरू जिल्लामा लोकतन्त्रका भाषण गर्न जाँदा पनि राइफलको सुरक्षामा नै गए र आफ्ना विचारहरू राइफललाई साक्षी राखेर नै बताए । लाग्छ सैनिक पोशाक, राइफल र लोकतन्त्रको नैसर्गिक एवं अकाट्य सम्बन्ध छ। लाग्छ राइफलको अभावमा संविधानसभा पनि हुन सक्तैन । लाग्छ संसारको इतिहास राइफलले नै लेख्छ । संविधानसभाको लागि खतरा राइफलहरू थिए जो आज सडकमा छन्, गाउँमा छन्, सहरमा छन्, जताततै छन् । संविधानसभालाई चाहिने त विद्वान्हरू, प्राज्ञिक, खोजकर्ताहरू, विश्लेषकहरू, समाजशास्त्रीहरू र व्यवस्थापकहरू थिए, तर सरकार र दलहरू तिनीहरूसँग डराए ।

समावेशीकरण सरकार, सातदल र माओवादी सबैका लागि आज भाषणका शब्दमा सीमित भएको छ। छानविन आयोग, अन्तरिम विधान मस्यौदा समिति, अनुगमन समिति सबैमा टीके प्रचलन नै वैज्ञानिक मानियो । र दलहरूमा समावेशीकरणको मनोविज्ञान देखिएन । कुनै व्यक्तिलाई नेताले पत्याएको छ वा कोही भित्री उथलपुथलमा महारथी छ भने त्यो जहाँसुकै नियुक्तिका लागि सधैं योग्य हुन्छ ।

यी सबै विषय र प्रसंगलाई हेर्ने हो भने जनआन्दोलन पछाडिको नेपाल र त्यसका सरकारी संयन्त्रहरूमा कसको योग्यता र भूमिका के हुन सक्तछ ? कसले के काम गर्न सक्तछ ? को कुन विषयको जानिफकार हो वा होइन भन्ने प्रश्नले प्रधानता पाएनन् । बरु को के हो ? ऊ कुनै दलको सदस्य हो वा होइन ? उ कुनै खास व्यक्ति, नेता वा दलको आधिकारिक समर्थक वा सदस्य हो वा होइन भन्ने प्रश्नले नै प्रधानता पाए । त्यसबाट के निस्कर्ष निस्कन्छ भने नेपालको वर्तमान व्यवस्था र त्यसलाई संचालन गर्ने पात्रहरू व्यक्तिको भूमिका होइन (रोल मोडल प्रणाली) व्यक्तिको हैसियत (आइडेन्टीटी मोडेल प्रणाली) मा नै विश्वास राख्दछन् । जनआन्दोलनका अपेक्षाहरूको बारेमा पनि उदासीनता नै रह्यो। सबैभन्दा महत्वपूर्ण कुरा त राज्यको पुनःसंरचना हुनुपर्दछ भनिए तापनि दलहरूको पुनःर्सरचनाको प्रश्न चैं कतै उठेको छैन ।

दलहरूले आफूलाई समावेशीकरणको मोडेलमा लैजाने आवश्यकता देखेका छैनन् । दलहरूले आफूलाई जन राजनीतिमा भाग लिने संस्कृतिमा रूपान्तरण गर्नुभन्दा नेताहरूका क्लबका रूपमा नै राख्न चाहे । यो कुरा अहिलेको परिवर्तित सन्दर्भमा आफूलाई  लोकतान्त्रीकरण गर्ने प्रक्रिया नथालेकोबाट मात्रै होइन, उनीहरूका विस्तृत वैठकहरूमा विगतका भूलहरू र जनआन्दोलनका बारेमा व्यापक समीक्षा नगरेबाट पनि प्रष्ट छ। यो प्रवृत्ति सामन्ति प्रवृत्ति हो र समावेशीकरणको लागि सबैभन्दा ठूलो अवरोध पनि यही प्रवृत्ति हो । मन्त्रीमण्डल बन्यो, त्यसमा पनि कसैले जानैपर्ने भयो, क्षमता र भूमिका होइन कुनै व्यक्ति मन्त्री बन्नैपर्ने र उसले खास पद पाउनैपर्ने अवधारणा मन्त्रीपरिषद् गठनको आधार बन्यो । त्यहाँ समावेशीकरणको भूमिकालाई आवश्यकता नै ठानिएन ।

वार्ता टोली बन्यो त्यहाँ पनि भूमिका र आवश्यकता होइन, कसको प्रतिनिधित्व हुनुपर्दछ भन्ने कुरा हैसियतकै आधारमा निर्णित भयो । अन्तरिम विधान मस्यौदा समिति गठन भयो, त्यहाँ पनि आवश्यकता होइन सम्झौता नै आधार बन्यो । त्यसले त राज्यका विविधतालाई विचार गर्नुपर्ने आवश्यकता नै देखेन । संविधान जस्तोसुकै होस्, त्यसको निर्माणमा राजनीतिज्ञ, कानुनविद्, समाजशास्त्री, व्यवस्थापनविद् र संस्कृतिविद्हरूको भूमिका अहं हुन्छ । त्यसभित्र विविध मनोविज्ञान र अवधारणाहरूको छलफल हुन्छ, अतः त्यसले समावेशीकरणलाई आधार बनाउनै पर्दछ तर त्यसो गर्न आवश्यक ठानिएन ।

ठालुपनको संस्कुतिले ग्रस्त हाम्रो जस्तो समाजमा हरेक विवाद र विषयको निर्णयमा व्यक्तिको हैसियतलाई आधार बनाइन्छ, व्यक्तिले खेल्नुपर्ने र खेल्न सक्ने भूमिकालाई होइन । यस रुग्ण सामन्ति संस्कृतिलाई नै औपचारिक मान्यता दिएर के संविधानसभाको निर्वाचन र सबै जनताले 'मेरो' भन्न लायकको संविधानको

निर्माण गर्न, अनि सबै जनताका चाहनालाई प्रतिबिम्बित गर्ने राज्यको संरचनाको निर्माण गर्न सकिएला ? दल र सरकारका अहिलेका प्रवृत्तिले संविधानसभाको निर्वाचन होला तर त्यो समावेशी हुन सक्ने अवस्था कम छ ।

हरेक समाजले आफ्नो संविधानको निर्माण गर्दा त्यस खास समयलाई प्रतिनिधित्व गर्ने आम मान्यताको पहिचान पहिला गर्दछ र त्यस्तो संविधान निर्माण गर्नुपर्ने उद्देश्यहरू निर्धारण गर्दछ । त्यस संविधानले सुदूर भविष्यमा प्राप्त गर्न खोजेको मूल दृष्टिको तय पनि गर्दछ । आधारभूत मान्यताहरू, उद्देश्यहरू र मूल दृष्टिकोणको यकिन नगरी संविधान बनाउन थालियो भने, त्यो संविधान लेख्ने वा रच्ने काम मात्र हुन जान्छ बनाउने होइन । संविधानसभाको आवश्यकता संविधान बनाउनका लागि भएको हो रच्नका लागि होइन ।

अतः अब बन्ने संविधानले जबसम्म आधारभूत मान्यताको यकिन गर्दैन तबसम्म संविधानसभा निरर्थक प्रयास मात्र हुनेछ । नेपाली जनताले प्रतिस्पर्धात्मक बहुलवादी समाजलाई जनआन्दोलनद्वारा आधारभूत मान्यताको रूपमा स्थापित गरेका छन् । यस व्यवस्थाले हरेक नागरिकलाई उसको विचारधाराको संरक्षण र राज्यका हरेक नीति निर्माणमा पहुँचको प्रत्याभूति गर्दछ । तर वर्तमान सरकारका विविध नीति र निर्माणमा आफ्ना दृष्टिकोण व्यक्त गर्ने पहुँच कुन संयन्त्रबाट दियो ? नेपाल विविध जाति, भाषा, संस्कृतिको देश हो अतः उनीहरूको अनिवार्य संलग्नता अर्को आधारभूत मान्यता हो । तर यो मान्यता सरकारका कामकारबाही र सरकार र माओवादीबीचका सहमतिहरूमा कहाँ व्यक्त हुन पाए ? यी मान्यताहरूलाई आधारभूत मान्यताको रूपमा मान्ने हो भने संविधानसभा निसर्त कसरी हुन सक्तछ ? अन्तरिम विधानले यस्ता आधारभूत मान्यतालाई स्थापित गर्न सक्नुपर्दछ । अतः अन्तरिम विधानको निर्माणलाई केवल १५ दिनको खेल मात्रै ठानियो र यो वकिलले गर्ने मुद्दाको मस्यौदा जस्तो मात्रै मानियो भने यसले नै भविष्यका लागि अर्को एउटा विवादको विरुवा रोप्नेछ ।

यी सबै प्रश्नहरूको उत्तर दिन पहिला राजनीतिक दलहरूले आफ्ना राजनीतिक मान्यताहरूमा समसामयिक अग्रगमनको ढोकालाई बन्द गर्ने आफ्ना कार्यकर्तालाई मात्र नागरिक देख्ने र आम नागरिकको भूमिका नदेख्ने राज्यका काम कारबाही आफ्ना नेता कार्यकर्ताले मात्रै गर्न सक्तछन् भन्ने संकुचित मानसिकता राख्ने र नेता सबैभन्दा ठूलो, कार्यकर्ता त्यसपछिका ठूला अनि आम नागरिक साना ठान्ने र सबैभन्दा महत्वपूर्ण नेताले सर्वैथोक जानेको छ भन्ने सोचहरूलाई त्यागि प्रगतिशील सोचाइको धरातलमा उभिनु आवश्यक छ । त्यसो गरेमा मात्र उनीहरूले नागरिकका चाहनालाई बुझ्न सक्तछन् र सबै नागरिकका भूमिकाको महत्व बुझ्न सक्नेछन् । वैज्ञानिक सांस्कृतिक धरातललाई बिर्सिएर संविधानसभामा जाने कार्यले केवल एउटा संविधानको किताब तयार गर्नेछ, तर नेपाली समाजलाई अग्रगमनतर्फ रूपान्तरण गर्ने छैन र त्यसले नेपाली समाजको विखण्डनको आधार तयार पार्नेछ ।

आम नागरिकलाई सिर्जनात्मक संविधानसभाको महान उद्देश्यमा लाग्न प्रेरित गर्ने हो भने, वर्तमान सरकार र नेकपा माओवादीले आफ्ना कार्यकर्ता र आफ्नो कार्यकर्ता नरहेका आम नागरिकका बीचमा भेदभाव देख्ने प्रवृत्तिलाई बन्द गर्नुपर्दछ । आफ्ना कार्यकर्ता भएका कारणले काखा र आम नागरिक भएका कारणले वा अर्काका कार्यकर्ता भएकाले वा कसैका कार्यकर्ता नभएका कारणले पाखा लगाउने चलनलाई बन्द गर्नुपर्दछ । यदि यस संस्कारलाई बन्द गरी आम नागरिकलाई विनाभेदभाव परिचालन गर्न सकेमा मात्र संविधानसभाले सबैको अपनत्व गाँसिएको उन्नत संविधानको निर्माण गर्न सक्नेछ र त्यसले अनेकौं समस्याको निकासतर्फ जान सक्ने ढोका खेल्ने छ ।

(कान्तिपुर दैनिकमा 'संविधानसभा र दलहरूको मानसिकता'
शीर्षकमा प्रकाशित, मिति २०६३-३-१८)